# तालिम सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७३

**नेपाल सरकार**

## राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

**सिंहदरबार, काठमाडौं**

**२०७३ आषाढ**

## बिषय सूची


| क. सं. | बिषय | पेज नं. |
|---|---|---|
| १. | संक्षिप्त नाम र प्रारम्भ | १ |
| २. | परिभाषा | १ |
| ३. | तालिम सञ्चालन गर्ने | २ |
| ४. | पाठ्यक्रम सम्बन्धी व्यवस्था | २ |
| ५. | तालिमका प्रकार | ३ |
| ६. | प्रशिक्षार्थी छनौट विधि | ३ |
| ७. | प्रशिक्षक सम्बन्धी व्यवस्था | ३ |
| ८. | तालिम सञ्चालन गर्ने स्थान | ३ |
| ९. | तालिम सामग्रीहरु | ३ |
| १०. | सुरक्षात्मक उपाय अपनाउनु पर्ने | ३ |
| ११. | सुविधा उपलब्ध गराउनु पर्ने | ३ |
| १२. | प्रमाणपत्र दिनुपर्ने | ३ |
| १३. | तालिम पश्चातको रोजगारीको अवस्था | ३ |
| १४. | स्रोत खुलाउनु पर्ने | ३ |
| १५. | तालिम प्रदान गर्नुपर्ने | ३ |
| १६. | सुपरीवेक्षण, अनुगमन तथा मूल्याँकन गर्नुपर्ने | ४ |
| १७. | प्रतिवेदन सम्बन्धी व्यवस्था | ४ |
| १८. | निर्देशिका बमोजिम हुने | ४ |
| १९. | अधिकार प्रत्यायोजन गर्न सक्ने | ५ |
| २०. | कारवाहीका लागि सिफारिस गर्न सक्ने | ५ |
| २१. | अनुमति खारेज हुन सक्ने | ५ |
| २२. | थपघट वा हेरफेर गर्न सक्ने | ५ |


**अनुसूचीहरु**


अनुसूची-१ : तलिम सञ्चालन अनुमतिका लागि दरखास्त
अनुसूची-२ : तालिम सञ्चालनका लागि अनुमतिपत्र
अनुसूची-३ : तालिम सम्पन्न प्रतिवेदन
अनुसूची-४ : मासिक प्रतिवेदन

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

# तालिम सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७३

भूकम्पबाट प्रभावित संरचना पुनर्निर्माण एवं पुर्नस्थापना गर्न आवश्यक जनशक्ति विकासका लागि व्यवस्थित र योजनाबद्धरुपमा तालिम सञ्चालन गरी तालिम कार्यलाई व्यवस्थित र कार्यसम्पादनमुखी बनाउन भूकम्प प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी ऐन, २०७२ को दफा ३१ ले दिएको अधिकार प्रयोग गरी कार्यकारी समितिले यो निर्देशिका बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यो निर्देशिकाको नाम **"तालिम सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७३"** रहेको छ ।

(२) यो निर्देशिको कार्यकारी समितिले स्वीकृत गरेको मितिदेखी लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

(क) "आयोजना कार्यान्वयन इकाई" भन्नाले पुनर्निर्माण र पुनर्स्थापना सम्बन्धी कार्य गर्न बिभिन्न बिषयगत मन्त्रालय र उक्त मन्त्रालय अन्तरगतका विभाग तथा जिल्लास्तरमा गठन गरिएका आयोजना कार्यान्वयन इकाईलाई सम्झनु पर्दछ ।

(ख) "ऐन" भन्नाले "भूकम्प प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी ऐन, २०७२" सम्झनु पर्दछ ।

(ग) "कार्यालय" भन्नाले नेपाल सरकारका विभिन्न विषयगत मन्त्रालय अन्तरगत निश्चित कार्यक्षेत्र भएका क्षेत्रीय कार्यालय, अञ्चल कार्यालय, जिल्लास्तरीय कार्यालय, डिभिजन कार्यालय, इलाकास्तरीय कार्यालय, सेवा केन्द्र, उपसेवा केन्द्र, स्वास्थ्य चौकी, उपस्वास्थ्य चौकी समेत सम्झनु पर्दछ ।

(घ) "गैर सरकारी संस्था" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई नेपालमा कार्य गर्ने अनुमति वा स्वीकृति पाएका राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरुलाई सम्झनु पर्दछ ।

(ङ) "जिल्ला समन्वय समिति" भन्नाले ऐनको दफा २५ बमोजिमको समिति सम्झनु पर्दछ ।

(च) "प्राधिकरण" भन्नाले ऐनको दफा ३ बमोजिम गठित राष्ट्रिय पुनर्निर्माण प्राधिकरण सम्झनु पर्दछ ।

(छ) "बिषयगत मन्त्रालय" भन्नाले नेपाल सरकार कार्यविभाजन नियमावली अनुसार गठित मन्त्रालय सम्झनु पर्छ र सो शब्दले मन्त्रालय सरहको निकाय समेतलाई जनाउँछ ।

(ज) "मातहत कार्यालय" भन्नाले राष्ट्रिय पुनर्निर्माण प्राधिकरणद्वारा स्थापना भएका वा हुने उपक्षेत्रीय कार्यालय, जिल्लास्तरीय कार्यालय वा स्रोत केन्द्र वा अन्य जुनसुकै कार्यालय सम्झनु पर्दछ ।

(झ) "विभाग" भन्नाले नेपाल सरकारका विकास निर्माण एवं सेवा सुविधाको प्रवाहसँग सम्बन्धित विभागहरु वा सो सरहका निकायलाई सम्झनु पर्दछ ।

(ञ) "स्थानीय निकाय" भन्नाले जिल्ला विकास समिति, नगरपालिका तथा गाउँ विकास समिति सम्झनु पर्दछ ।

(ट) "साझेदार निकाय" भन्नाले नेपाल सरकारसँग भएको सम्झौता बमोजिम नगद, जिन्सी एवं प्राविधिक सहयोग उपलब्ध गराउने द्विपक्षीय एवं बहुपक्षीय दातृ निकायहरुलाई सम्झनु पर्दछ ।

३. **तालिम सञ्चालन गर्ने** : (१) प्राधिकरण वा उपक्षेत्रीय कार्यालय वा सम्वन्धित आयोजना कार्यान्वयन इकाईहरुले आफ्नो नियमित बजेटबाट भूकम्पबाट प्रभावित संरचनाहरुको पुनर्निर्माण तथा पुनर्स्थापना सम्बन्धी अल्पकालीन, मझ्यौला तथा दीर्घकालीन तालिम सञ्चालन गर्न सक्नेछन् ।

(२) प्राधिकरण वा उपक्षेत्रीय कार्यालय वा सम्वन्धित आयोजना कार्यान्वयन इकाईहरुले बाह्य सेवा (Outsourcing) बाट तालिम सञ्चालन गर्दा "भूकम्पबाट प्रभावित संरचनाहरुको पुनर्निर्माण सम्बन्धी सार्वजनिक खरिद कार्यविधि, २०७२" अनुसार प्रस्ताव आह्वान गर्न सक्नेछन् । "भूकम्पबाट प्रभावित संरचनाहरुको पुनर्निर्माण सम्बन्धी सार्वजनिक खरिद कार्यविधि, २०७२" मा नसमेटिएका प्रस्ताव आह्वान, मूल्याँकन र सम्झौता सम्बन्धी अन्य व्यवस्थाहरु प्रचलित नेपाल कानून अनुसार हुनेछ ।

(३) कुनै निजी संस्था, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैर सरकारी संस्था तथा निकायले आफ्नो स्रोतबाट पुनर्निर्माण तथा पुनर्स्थापना सम्बन्धी तालिम प्रदान गर्न चाहेमा प्राधिकरण वा उपक्षेत्रीय कार्यालय वा सम्बन्धित आयोजना कार्यान्वयन इकाईबाट तालिम सञ्चालनका लागि अनुमति लिनुपर्ने छ । त्यसका लागि अनुसूची- १ को ढाँचामा निवेदन दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम पर्न आएको निवेदन माथि छानबीन गरी प्राधिकरण वा उपक्षेत्रीय कार्यालय वा सम्बन्धित आयोजना कार्यान्वयन इकाईले निवेदकलाई अनुसूची- २ को ढाँचामा तालिम सञ्चालन गर्न अनुमति प्रदान गर्नेछ ।

(५) पुनर्निर्माण र पुनर्स्थापनाको लागि गैरसरकारी संस्था परिचालन सम्बन्धी कार्यविधि, २०७२ बमोजिम कार्य गर्न प्रस्ताव वा आशय पत्र पेश गरी प्राधिकरण वा सम्बन्धित आयोजना कार्यान्वयन इकाईसँग सम्झौता गरिसकेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुले तालिम सञ्चालन गर्न पुनः अनुमति लिनुपर्ने छैन ।

तर त्रिपक्षीय सम्झौता गर्दा यस निर्देशिकामा व्यवस्था भए अनुसारका पाठ्यक्रम, पाठ्यसामग्री लगायतका प्रावधानहरु अनिवार्यरुपमा पालना हुने गरी सम्झौता गर्नु पर्नेछ ।

(६) यो निर्देशिका जारी हुनुभन्दा अगाडी गैरसरकारी संस्था परिचालन सम्बन्धी कार्यविधि, २०७२ अनुसार त्रिपक्षीय सम्झौता गरिसकेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुले पनि यस निर्देशिकामा व्यवस्था भए अनुसारका पाठ्यक्रम, पाठ्यसामग्री लगायतका प्रावधानहरु अनिवार्यरुपमा पालना गर्नु पर्नेछ ।

४. **पाठ्यक्रम सम्बन्धी व्यवस्था** : (१) भूकम्पबाट प्रभावित क्षेत्रमा पुनर्निर्माण र पुनःस्थापना सम्बन्धी तालिम सञ्चालन गर्ने निकायले प्राधिकरणबाट स्वीकृत पाठ्यक्रमको आधारमा तालिम सञ्चालन गर्नु पर्नेछ ।

(२) भूकम्पबाट प्रभावित क्षेत्रमा पुनर्निर्माण र पुनर्स्थापना सम्बन्धी तालिमहरुलाई प्रभावकारीरुपमा सञ्चालन गर्न प्राधिकरणले नयाँ पाठ्यक्रम निर्माण अथवा अन्य सरकारी निकायहरुबाट तयार गरिएका पाठ्यक्रमहरुलाई जस्ताको त्यस्तै वा परिमार्जन गरी स्वीकृत गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम परिमार्जन गरेको पाठ्यक्रम प्राधिकरणको कार्यकारी समितिबाट स्वीकृत गराउनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम तालिमका लागि नयाँ पाठ्यक्रम निर्माण एवं निर्धारणका लागि सिफारिश गर्न प्राधिकरणमा देहाय बमोजिमको समिति रहनेछ :

(क) प्राधिकरणका सम्बन्धित कार्यकारी सदस्य - संयोजक

(ख) सहसचिव, जनशक्ति व्यवस्थापन महाशाखा - सदस्य

(ग) उपसचिव, वैदेशिक सहायता समन्वय तथा बजेट ब्यवस्थापन शाखा - सदस्य

(घ) उपसचिव, कानून तथा फैसला कार्यान्वयन शाखा - सदस्य

(ङ) उपसचिव, तालिम तथा क्षमता अभिवृद्धि शाखा - सदस्य सचिव

(५) समितिले आवश्यक देखेका जुनसुकै व्यक्ति वा निकायलाई आफ्नो बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(६) उपदफा (२) बमोजिम परिमार्जन गरिएको पाठ्यक्रम उपदफा (३) बमोजिमको कार्यकारी समितिबाट स्वीकृत नभएको अवधिसम्म देहाय बमोजिमको बिषयसँग मिल्दो पाठ्यक्रमलाई आधार मानेर तालिम सञ्चालन गर्न सकिनेछ :

(क) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्‌बाट तयार गरिएको पाठ्यक्रम वा,

(ख) शहरी विकास तथा भवन निर्माण विभागबाट तयार गरिएको पाठ्यक्रम वा,

(ग) व्यावसायिक तथा सीप विकास तालिम केन्द्र वा घरेलु तथा साना उद्योग विकास समिति वा अन्य सरकारी निकायबाट तयार गरिएको पाठ्यक्रमहरु ।

**५. तालिमका प्रकार :** यस निर्देशिका बमोजिम सञ्चालन गरिने तालिमहरु पुनर्निर्माण र पुनर्स्थापनासँग सम्बन्धित दक्षता अभिवृद्धि, ज्ञान अभिवृद्धि र चेतनामूलक तथा अध्ययन, अवलोकन, अनुसन्धानमूलक तालिमहरु हुनु पर्नेछ ।

**६. प्रशिक्षार्थी छनौट विधि :** तालिममा सहभागीहरुको छनौट गर्दा उपलब्ध भएसम्म भूकम्पबाट प्रभावित युवा, युवती, एकल महिला, फरक प्रकारले सक्षम व्यक्ति, सीमान्तकृत तथा विपन्न वर्गलाई तालिममा सहभागी गराउन प्राथमिकता दिनु पर्नेछ । तर एक पटक सीप विकास तालिम प्राप्त व्यक्तिलाई सोही किसिमको अन्य तालिम कार्यक्रममा सहभागी गराउन पाइने छैन ।

**७. प्रशिक्षक सम्बन्धी व्यवस्था :** प्रशिक्षक सम्बन्धी देहायबमोजिमको व्यवस्था हुनु पर्नेछ :

(क) तालिम प्रदायक संस्थाले सम्बन्धित विषयमा योग्यता पुगेको प्रशिक्षकबाट प्रशिक्षण गराउनु पर्नेछ ।

(ख) कुनै एक संस्थासंग आवद्ध भएको प्रशिक्षकलाई एकै समयमा अर्को संस्थामा समानान्तर प्रशिक्षण गर्ने गरी छनोट गर्न पाइने छैन ।

**८. तालिम सञ्चालन गर्ने स्थान :** तालिम सञ्चालन गर्दा अनुमति लिएको स्थानमा मात्र सञ्चालन गर्नु पर्नेछ । कथं कदाचित कुनै उपयुक्त कारणले स्थान परिवर्तन गर्नुपर्ने भएमा स्वीकृति दिने निकायबाट अनुमति लिनु पर्नेछ ।

**९. तालिम सामग्रीहरु :** (१) सकेसम्म स्थानीय स्तरमै उपलब्ध तालिम सामग्रीहरु प्रयोग गर्नु पर्नेछ ।

(२) स्थानीय स्तरमा तालिम सामग्रीहरु उपलब्ध नभएमा छिमेकी जिल्ला वा नेपाल भित्रै उपलब्ध हुने सामग्रीलाई प्राथमिकता दिनु पर्नेछ ।

(३) तालिमका लागि आवश्यक पर्ने सामग्री तालिम प्रदायक संस्थाले नै प्रशिक्षक र सहभागीलाई उपलब्ध गराउनु पर्नेछ ।

**१०. सुरक्षात्मक उपाय अपनाउनु पर्ने :** सहभागीलाई तालिम दिंदा उपयुक्त किसिमका सुरक्षात्मक उपाय अपनाउनु पर्नेछ । साथै तालिम दिने भवन वा कोठा वातानुकुलित हुनु पर्नेछ ।

**११. सुविधा उपलब्ध गराउनु पर्ने :** तालिममा संलग्न प्रशिक्षक, सहभागी, टिप्पणीकर्ता, संयोजक, सहयोगीको भत्ता तथा प्रतिवेदकको पारिश्रमिक नेपाल सरकार अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिकाले तोकेको मापदण्ड भन्दा घटी गर्न पाइने छैन ।

**१२. प्रमाणपत्र दिनुपर्ने :** तालिम प्रदायक संस्थाले तालिममा सहभागीहरुलाई तालिम पूरा भएपछि तालिमको अवधि र विषय खुलेको प्रमाणपत्र दिनु पर्नेछ ।

**१३. तालिम पश्चातको रोजगारीको अवस्था :** तालिम प्रदायक संस्थाले सकेसम्म सहभागीहरुले तालिम पश्चात स्थानीयस्तर मै रोजगारी पाउन सक्ने किसिमका तालिम सञ्चालन गर्नु पर्नेछ ।

**१४. स्रोत खुलाउनु पर्ने :** (१) तालिम प्रदान गर्ने संस्था वा व्यक्तिले तालिममा लाग्ने वित्तीय स्रोत प्राप्तीको आधार स्पष्ट खुलाएको हुनु पर्नेछ ।

(२) प्रत्येक तालिम सञ्चालन गर्न लागेको खर्च प्रत्येक तालिम प्रदायक संस्थाले सार्वजनिक गर्नु पर्नेछ ।

**१५. तालिम प्रदान गनुपर्ने :** (१) पुनर्निर्माण तथा पुनर्स्थापना सम्बन्धी कार्यलाई प्रभावकारीरुपमा सञ्चालन गर्न प्राधिकरणसँग सम्बन्धित कार्यालयमा कार्यरत जनशक्तिहरुको क्षमता अभिवृद्धि गर्न प्राधिकरणले क्षमता अभिवृद्धि गर्ने किसिमका तालिमहरु सञ्चालन गर्न सक्नेछ ।

(२) प्राधिकरणले तालिमहरुको सञ्चालन आफ्नो नियमित बजेटबाट गर्नु पर्नेछ । नियमित बजेटमा समावेश नभएको तालिम गर्नुपर्ने भएमा सो को लागि प्राधिकरणले अन्य उपयुक्त स्रोतको समेत व्यवस्थापन गर्न सक्नेछ ।

(३) सरकारी निकाय, विकास साझेदार, गैरसरकारी र निजी संघ संस्थाले प्राधिकरणमा काम गर्ने जनशक्तिको लागि दक्षता अभिवृद्धि तालीम दिन चाहेमा विषय र तालीमाको उपादेयता हेरी प्राधिकरणले त्यस्तो तालीम कार्यक्रममा आफ्ना कर्मचारी मनोनयन गरी पठाउनेछ ।

(४) प्राधिकरणबाट यस दफा बमोजिम तालीमको लागि कर्मचारी मनोनयन गर्ने सम्बन्धमा सिफारिस गर्न एक समिति गठन गरिनेछ ।

(५) उपदफा (१), (२), (३) र (४) मा उल्लेख गरिएका तालिम तथा क्षमता अभिवृद्धि कार्यक्रमको संयोजन तथा मनोनयन गर्ने सचिवालयको कार्य प्राधिकरणको तालिम तथा क्षमता अभिवृद्धि शाखाले गर्नेछ ।

१६. **सुपरीवेक्षण, अनुगमन तथा मूल्यांकन गर्नुपर्ने** : (१) प्राधिकरण वा उपक्षेत्रीय कार्यालय वा सम्बन्धित आयोजना कार्यान्वयन इकाईले तालिम प्रदान गर्ने संघ-संस्थाको नियमित रुपमा सुपरीवेक्षण, अनुगमन तथा मूल्यांकन गर्नु पर्नेछ ।

(२) प्राधिकरणले चाहेमा तेस्रो पक्षको सहयोगमा समेत अनुगमन गराउन सक्नेछ ।

(३) प्राधिकरणबाट प्रत्यायोजित अधिकारको आधारमा तालिम सञ्चालन गर्न अनुमति प्रदान गर्ने निकायले सो निकायबाट अनुमति प्राप्त संस्थाहरुबाट सञ्चालित तालिमहरुको अनुगमन तथा मूल्यांकन गर्ने व्यवस्था मिलाउने छ र सोको प्रतिवेदन प्राधिकरणमा नियमितरुपमा पठाउनु पर्नेछ ।

(४) जिल्ला समन्वय समिति, उपसमितिले जिल्लामा सञ्चालित तालिमहरुको अनुगमन तथा मूल्यांकन गर्न सक्नेछन् । जिल्ला समन्वय समिति, उपसमितिले अनुगमन तथा मूल्यांकन गर्दा अन्य सम्बन्धित सरोकारवालालाई समेत संलग्न गर्न सक्नेछन् । सो अनुगमन तथा मूल्यांकन कार्यको संयोजन जिल्ला समन्वय समिति, उपसमितिको सचिवालयले गर्नेछ ।

(५) तालिम प्रदान गर्ने संघ-संस्था वा व्यक्तिको सुपरीवेक्षण, अनुगमन तथा मूल्यांकन गर्न र सो कार्यमा सहजीकरण गर्न प्राधिकरणमा देहाय बमोजिमको अनुगमन समिति रहनेछ :

| | |
|---|---|
| (क) सह सचिव, जनशक्ति व्यवस्थापन महाशाखा, प्राधिकरण | - संयोजक |
| (ख) प्रतिनिधि, केन्द्रीय आयोजना कार्यान्वयन इकाईहरु | - सदस्य |
| (ग) उपसचिव, तालिम तथा क्षमता अभिवृद्धि शाखा, प्राधिकरण | - सदस्य |
| (घ) प्रतिनिधि, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् | - सदस्य |
| (ङ) शाखा अधिकृत, तालिम तथा क्षमता अभिवृद्धि शाखा, प्राधिकरण | - सदस्य सचिव |

(६) अनुगमन समितिले सुपरीवेक्षण, अनुगमन तथा मूल्यांकन गर्नका लागि मापदण्ड तयार गर्नेछ ।

(७) अनुगमन समितिले तालिम दिने निकायहरुलाइ उपदफा (६) बमोजिमको स्वीकृत मापदण्ड विपरित नहुने गरी आवश्यक निर्देशन दिन सक्नेछ ।

(८) उपदफा (७) बमोजिम दिइएका निर्देशनहरु पालना गर्नु सम्बन्धित तालिम प्रदायक संस्थाको कर्तव्य हुनेछ ।

१७. **प्रतिवेदन सम्बन्धी व्यवस्था** : (१) तालिम प्रदायक संस्थाले तालिम सम्पन्न भएको पन्ध्र दिनभित्र अनुसुची-३ बमोजिमको ढाँचामा तालिम सम्पन्न प्रतिवेदन तयार गरी स्वीकृति दिने निकायमा पेश गर्नु पर्नेछ ।

(२) जिल्ला स्तरीय आयोजना कार्यान्वयन इकाइले प्रत्येक महिनाको ५ गते भित्र उक्त जिल्लामा अघिल्लो महिनाभरी सम्पन्न तालिमहरुको विवरण अनुसुची-४ बमोजिमको ढाँचामा तयार गरी केन्द्रीय आयोजना कार्यान्वयन इकाईमा पठाउनु पर्नेछ । साथै सोको जानकारी उक्त जिल्लालाई हेर्ने कार्यक्षेत्र तोकिएको प्राधिकरणको उपक्षेत्रीय कार्यालयलाई समेत दिनु पर्नेछ ।

(३) केन्द्रीय आयोजना कार्यान्वयन इकाईले प्रत्येक महिनाको ७ गतेभित्र जिल्ला तहमा रहेका जिल्ला स्तरीय आयोजना कार्यान्वयन इकाईबाट प्राप्त विवरणहरु र केन्द्रीय तहमा सम्पन्न भएका तालिमको विवरण अनुसुची-४ बमोजिमको ढाँचामा एकीकृतरुपमा तयार गरी प्राधिकरणमा पठाउनु पर्नेछ ।

(४) सुपरीवेक्षण, अनुगमन तथा मूल्यांकन र प्रतिवेदन प्रणालीलाई व्यवस्थित र वैज्ञानिक बनाउन प्राधिकरणले सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी अनलाइन प्रतिवेदन प्रणाली स्थापित गरेको अवस्थामा तालिम प्रदायक संस्था र अन्य सरोकारवालाहरुले सो मार्फत पनि प्रतिवेदन पेश गर्न सक्नेछन् ।

१८. **निर्देशिका बमोजिम हुने :** यो निर्देशिकामा भएका व्यवस्थाहरु यही निर्देशिका बमोजिम र अन्य विषयहरुको हकमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

१९. **अधिकार प्रत्यायोजन गर्न सक्ने :** प्राधिकरणले यस निर्देशिका बमोजिम प्राप्त अधिकारहरु प्राधिकरणको मातहत कार्यालय तथा नेपाल सरकारका बिषयगत निकायहरुलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२०. **कारवाहीका लागि सिफारिस गर्न सक्ने** : प्राधिकरणले निम्न क्रियाकलाप गर्ने तालिम प्रदायक संघ, संस्था, व्यक्तिलाई प्रचलित कानुन बमोजिम कारबाहीका लागि सम्बन्धित निकायमा सिफारिश गर्न सक्नेछ :

(क) राष्ट्रियता, सार्वभौमिकता र राष्ट्रिय अखण्डता विरुद्व काम गरेमा,

(ख) सामाजिक सद्भाव खलल पार्ने किसिमका तालिम सञ्चालन गरेमा,

(ग) नेपालमा रहेर नेपालका छिमेकी र अरु कुनै मुलुक विरुद्धका गतिविधि गरेमा,

(घ) धर्म परिवर्तन गर्ने लगायतका सामाजिक सांस्कृतिक व्यवस्थामा खलल पार्ने काम गरेमा,

(ङ) राष्ट्रिय पुनर्निर्माण तथा पुनर्स्थापना नीतिको मर्म विपरित काम गरेमा,

(च) अन्य प्रचलित नेपाल कानूनको बर्खिलाफ हुने कार्य गरेमा ।

२१. **अनुमति खारेज हुन सक्ने :** प्राधिकरण वा उपक्षेत्रीय कार्यालय वा सम्बन्धित आयोजना कार्यान्वयन इकाईले देहायबमोजिमको अवस्थामा तालिम प्रदायक संघ, संस्था, व्यक्तिलाई दिएको तालिम अनुमति खारेज गर्न सक्नेछ :

(क) सम्झौता अनुसारको काम नगरेमा,

(ख) तोकिएको मापदण्ड र स्तर पूरा नगरी तालिम दिएको पाइएमा,

(ग) तालिम अनुमती लिई तालिम सञ्चालन नगरेमा,

(घ) दफा २० मा उल्लेखित क्रियाकलापहरु गरेमा ।

२२. **थपघट वा हेरफेर गर्न सक्ने** : यस निर्देशिकाको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन प्राधिकरणले आवश्यकता अनुसार थपघट, हेरफेर तथा व्याख्या गर्न सक्नेछ ।

अनुसूची - १

(दफा ३ को उपदफा (३) सँग सम्बन्धित)

(तलिम सञ्चालन अनुमतिका लागि दरखास्त )

१. संस्थाको नाम र ठेगानाः

२. दर्ता नं. र दर्ता गरेको निकाय :

३. तालिम दिन चाहेको क्षेत्र/विषय :

४. तालिम सञ्चालन गर्ने स्थान र मिति :

५. पाठ्यक्रम तयार गर्ने संस्था :

६. तालिम सञ्चालन गर्न आवश्यक पर्ने स्रोतको व्यवस्था :

७. तालिम दिने प्रशिक्षकको

| नाम | ठेगाना | योग्यता | अनुभव | तालिम दिने क्षेत्र/विषय |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

८. हालसम्म तालिम सञ्चालन गरेको छ /छैन ।

९. छ भने कस्तो किसिमको तालिम हो खुलाउनु होस् ।

१०. तालिम सञ्चालन गर्दा लाग्ने लागत :

११. निवेदनसंग संलग्न गरिएका संस्थाको आधिकारिकतासँग सम्बन्धित कागजातहरु र अन्य कागजातहरु :

(क)

(ख)

(ग)

(घ)

**निवेदकको :-**

सम्पर्क व्यक्तिको नाम र दस्तखत :

संस्थाको नाम : फ्याक्स नं.:

ठेगाना : सम्पर्क नं.:

वेबसाईट : ईमेल :

संस्थाको छाप :

अनुसूची - २

(दफा ३ को उपदफा (४) सँग सम्बन्धित)

(तालिम सञ्चालनका लागि अनुमति पत्र)

.......................................संस्थाले मिति .......................मा दिएको निवेदन उपर कारबाही हुँदा उक्त संस्थालाई देहाय बमोजिमको तालिम सञ्चालन गर्नका लागि यस निर्देशिका तथा प्रचलित नेपाल कानुनको बर्खिलाप नगर्ने गरी अनुमति दिइएको व्यहोरा मिति.......................को निर्णयानुसार अनुरोध छ ।

**तपसिल**

१. संस्थाको नाम :

२. तालिमको नाम :

३. तालिम सञ्चालन गर्ने स्थान :

४. प्रशिक्षार्थी संख्या :

५. तालिमको कूल लागत :

६. तालिम सञ्चालन हुने मिति : ...........देखि ...........सम्म

७. पाठ्यक्रम तयार गर्ने संस्थाको नाम :

८. अन्य निर्देशनहरु :

१.

२.

३.

४.

दस्तखत :

नाम :

पद :

कार्यालय :

मिति :

अनुसूची - ३
(दफा १७ को उपदफा (१) सँग सम्बन्धित)
(तालिम सम्पन्न प्रतिवेदन)

१. संस्थाको नाम :
२. तालिमको बिषय :
३. तालिमको उद्देश्य :
४. तालिम सञ्चालित स्थान:
५. तालिमको अवधि :
६. तालिम सञ्चालित मिति ………………देखि……………… सम्म
७. तालिम सञ्चालनमा सम्वद्ध निकायहरु :
८. प्रशिक्षकको नाम र ठेगाना :
९. तालिम प्रक्रिया :
१०. तालिम सम्पन्न गर्दा भएको कूल खर्च :
११. सहभागीहरुको बिवरण :

| क्र.सं. | नाम र ठेगाना | उमेर | लिंग | | जात | शैक्षिक योग्यता | सम्पर्क फोन नं. | हाजिरी दिन | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

१२. उपलब्धिहरु :

१३. सुधारका लागि सुझावहरु :

प्रमाणित गर्नेको नाम :
दस्तखत :

अनुसूची - ४
(दफा १७ को उपदफा (२) र (३) सँग सम्बन्धित)
(मासिक प्रतिवेदन )

प्रतिवेदन तयार गर्ने कार्यालयको नाम :-

ठेगाना :-

प्रतिवेदन तयार गरेको वर्ष र महिना :-

| क.सं. | तालिम प्रदान गर्ने संस्थाको नाम | सो महिनामा सम्पन्न गरिएका तालिमहरुको विवरण | | | | | | आगामी महिनाका लागि प्रस्तावित तालिमहरुको विवरण | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्राविधिक तालिमहरु | | | अप्राविधिक तालिमहरु | | | प्राविधिक तालिमहरु | | | अप्राविधिक तालिमहरु | | |
| | | तालिमको नाम | तालिम संख्या | सहभागी संख्या | तालिमको नाम | तालिम संख्या | सहभागी संख्या | तालिमको नाम | तालिम संख्या | सहभागी संख्या | तालिमको नाम | तालिम संख्या | सहभागी संख्या |
| 1 | | | | | | | | | | | | | |
| 2 | | | | | | | | | | | | | |
| 3 | | | | | | | | | | | | | |
| 4 | | | | | | | | | | | | | |
| 5 | | | | | | | | | | | | | |
| 6 | | | | | | | | | | | | | |
| 7 | | | | | | | | | | | | | |
| | यो महिनाको जम्मा : | | | | | | | | | | | | |
| | गत महिनाको जम्मा : | | | | | | | | | | | | |
| | कुल जम्मा : | | | | | | | | | | | | |

.......................... .........................

(तयार गर्ने) (कार्यालय प्रमुख)

नोट : माथिको अनुसूचीमा कार्यालयहरुले आवश्यकता अनुसार थप गरि परिमार्जन गर्न सक्नेछन् ।